# सामुदायिक बीउ बैंक स्थापना तथा सञ्चालन कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७

*(मन्त्रिस्तरबाट स्वीकृत मितिः २०७७।०६।०२)*

*(पहिलो संशोधन मितिः२०८३।०५।०१)*

__प्रस्तावना__: कृषकहरुको आवश्यकता र प्राथमिकताका आधारमा छनौट भएका विभिन्न स्थानीय तथा उन्नत जातका बालीहरुको बीउ उत्पादन, प्रशोधन र सुरक्षित भण्डारण कार्य समुदायस्तरमै गरी ग्रामीण क्षेत्रमा गुणस्तरीय बीउको उपलब्धता र पहुँचमा सुधार गर्न *"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

१. __प्राविधिक पक्षः__

(क) यो कार्यक्रम कृषि समूह वा कृषि सहकारी संस्थाको साझेदारीमा सञ्चालन हुनेछ।

(ख) कार्यक्रम सञ्चालन हुने स्थानका कृषकहरुलाई विभिन्न बालीहरुको बीउ उत्पादन तरिका, बीउ प्रशोधन र सुरक्षित भण्डारण सम्बन्धी ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ।

(ग) बीउ उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण सम्बन्धी कार्यहरु गर्दा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ का प्रावधान पालना गर्नुपर्नेछ।

(घ) कार्यक्रममा पहिले नै सामुदायिक बीउ बैंक स्थापना भई सञ्चालनमा आउन नसकेका वा बन्द अवस्थामा पुगेकालाई पुनः सक्रिय तुल्याई सञ्चालन गर्न ईच्छुक समूह तथा सहकारीले समेत आवेदन दिन सक्नेछन्।

(ङ) सामुदायिक बीउ बैंक स्थापना गरिने क्षेत्रमा रैथाने तथा स्थानीय बालीहरुको बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। उक्त क्षेत्रमा अन्य बालीका उन्नत जातको बीउ उत्पादन तथा विस्तार सम्बन्धी कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ।

(च) [α]सामुदायिक बीउ बैंक स्थापना गरिने क्षेत्रमा कृषकलाई परिचालन गरी कृषि पर्यावरणीय ब्लक स्थापना गर्नुपर्नेछ। कृषकको आवश्यकता अनुसार कृषि पर्यावरणीय ब्लक एकै ठाँउ वा कृषकको खेतबारीमा स्थापना गर्न सकिनेछ। कृषकले उक्त ब्लकबाट उत्पादन गरेको बीउ सामुदायिक बीउ बैंक सञ्चालन गर्ने संस्थालाई कम्तीमा २०% सम्म दिनुपर्नेछ।

---

* पहिलो संशोधनद्धारा संशोधित।

α पहिलो संशोधनद्धारा थप गरिएको।

**२. आर्थिक पक्षः**

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही देहायका कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) सामुदायिक बीउ भण्डार भवन, बीउ सुकाउने खलो, बीउ सेड निर्माण,

ख) बीउ प्रशोधन कार्य तथा बीउको चिस्यान मापन गर्ने यन्त्र खरिद

ग) बीउ भण्डारण सामाग्रीहरु र बीउलाई सुरक्षित गर्न आवश्यक विषादीहरु खरिद

३. **मूल्याङ्कनका आधारः** [α]आवेदकले पेस गरेको प्रस्ताव बमोजिम स्थलगत अनुगमन हुँदा प्राविधिक विषयहरु (प्रस्तावित बाली र जात, हावापानी र भौगोलिक उपयुक्तता आदि) का आधारमा उपयुक्त देखिएका प्रस्तावलाई मात्र देहाय बमोजिम मूल्याङ्कन गरिनेछ।

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **(१)** | **कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था** | **२०** |
| (क) | सडक र विद्युतको पहुँच भएको | २० |
| (ख) | सडक र विद्युत मध्ये एकको पहुँच भएको | १५ |
| **(२)** | **बीउ विजन उत्पादन तथा बजारीकरणको अनुभव** | **१०** |
| (क) | ३ वर्ष वा सो भन्दा बढी अनुभव भएको | १० |
| (ख) | १-३ वर्ष अनुभव भएको | ७ |
| (ग) | अनुभव नभएको | ४ |
| **(३)** | **अनुदानग्राहीको लागत साझेदारी** | **१०** |
| (क) | कुल लागतको ३० प्रतिशत भन्दा बढि भएमा | १० |
| (ख) | २०-३० प्रतिशत सम्म | ८ |
| (ग) | १०-२० प्रतिशत सम्म | ५ |
| **(४)** | **लाभान्वित घरधुरी** | **१०** |
| (क) | २० घरधुरी भन्दा बढी | १० |
| (ख) | १०-२० घरधुरी | ८ |
| (ग) | १० घरधुरीभन्दा कम | ६ |
| **(५)** | **बीउ बैंकको संरचनाको अवस्था** | **२०** |

[α] पहिलो संशोधनद्वारा थप गरिएको।

| | | |
|---|---|---|
| (क)* | समान हावापानी तथा उचाई भएको क्षेत्रमा अन्य बीउ बैंक नभएमा | २० |
| (ख)* | समान हावापानी तथा उचाई भएको क्षेत्रमा अन्य बीउ बैंक भएमा | १० |
| (६) | **व्यावसायिक योजना सम्बन्धी प्रस्ताव** (नविनतम सोच, दिगोपना, बजार योजना लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी १ देखि १० अङ्क सम्म प्रदान गर्न सक्ने) | १० |
| | **जम्मा** | ८० |

**४.** **प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरु:**

(क)*"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १७ को उपदफा (३) बमोजिमका कागजातहरु,

(ख) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि,

(ग) बीउ बैंक निर्माण हुने स्थलको जग्गाको जग्गाधनी पूर्जा वा जग्गा लिजमा भए प्रचलित कानून बमोजिम गरिएको करारनामा (१५ बर्ष अबधि) को प्रतिलिपि।

**५.** **प्रस्तावको ढाँचा:**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम सञ्चालन गरिने स्थानको ठेगानाः | अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

---

* पहिलो संशोधनद्वारा संशोधित।

| क्र.सं. | रैथाने तथा स्थानीय बालीको बीउ उत्पादन गर्ने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल | हालको उत्पादन | थप गरिने क्षेत्रफल | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(घ) कुल रोजगारी सिर्जनाः

(ङ) सञ्चालन हुने क्रियाकलापहरुः

| क्र.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | आफ्नै लगानीमा सञ्चालन हुने | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

(च) माग गरेको जम्मा अनुदान रकमः

(छ) संस्थामा उपलव्ध भौतिक पूर्वाधार तथा मेसिनरी औजारहरुको विवरण

- गोदाम घरको क्षमता:
- अन्य भौतिक पूर्वाधार र तिनको क्षमता:
- मेसिनरी उपकरण र तिनको क्षमता:
- कार्यालय कोठा:
- कम्पाउण्ड वाल/ फेन्सीङ:

(ज) सडक तथा विद्युतको सम्भावना

- सडकको सुविधा भएको / नभएको:
- सडकको सुविधा भएको भए पक्कि वा कच्चि बाटो बाट कति मिटर भित्र:
- विद्युतको सुविधा भएको/ नभएको:
- छ भने बीउ भण्डारण स्थलबाट दुरी:
- छैन भने हुन सक्ने सम्भावना:

(झ) अन्य व्यावसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)
- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(ञ) अन्य बिषय केही भए उल्लेख गर्नुहोस्।